आज मिति २०८२ साल वैशाख महिनाको २५ गते विहान ८.०० वजे यस म्याग्दे गाउँपालिका तनहुँको गाउँ कार्यपालिकाको १७३ औ नियमित वैठक ( दोश्रो पदाधिकारीको सत्चालिसौ वैठक ) गाउँपालिकाका अध्यक्ष श्री श्रीप्रसाद श्रेष्ठ ज्यु को अध्यक्षतामा, वसी निम्न उपस्थितिमा तपशिल बमोजिमको निर्णय गरियो ।

**तपशिल**

१ अध्यक्ष श्री श्रीप्रसाद श्रेष्ठ

२ उपाध्यक्ष श्री वालकृष्ण घिमिरे

३ वडा न. १ वडा अध्यक्ष श्री मणि भद्र वाग्ले

४ वडा न. २ का वडा अध्यक्ष श्री शिव वहादुर क्षेत्रि

५ वडा न. ३ का वडा अध्यक्ष श्री टुक राज अधिकारी

६ वडा न. ४ का वडा अध्यक्ष श्री दिपक कुमार श्रेष्ठ

७ वडा न. ५ का वडा अध्यक्ष श्री शिव वहादुर आले

८ वडा न. ६ का वडा अध्यक्ष श्री हिरा लाल गुरुङ्ग

९ वडा न. ७ का वडा अध्यक्ष श्री वसन्त कुमार श्रेष्ठ

१० महिला सदस्य श्री बद्रिका भट्टराई घिमिरे

११ महिला सदस्य श्री चिनिमाया थापा

१२ महिला सदस्य श्री जानकी थापा

१३ महिला सदस्य श्री सिता कुमाल

१४ अल्पसङ्ख्यक वा दलित सदस्य श्री होम वहादुर नेपाली

१५ दलीत सदस्य श्री थम माया कामी .

१६ सदस्य सचिव श्री नारायण प्रसाद अधिकारी

Scanned with CamScanner

**म्याग्दे गाउँकार्यपालिकाको १७३ औ वैठक (२०८२।१।२५)मा पेश भएका ३९ वटा ऐजेण्डाहरु**

०१, अर्चले माझीलाङ्ग भावर खानेपानी योजनाको प्रहरी मुचुल्का, वडा सिफारिस, उपभोक्ताको निर्णय तथा माग अनुसार उक्त खानेपानी योजनाको मर्मत सूधार सम्वन्धमा ।

०२, आर्थिक विपन्न लाभग्राही परिवर्तन सम्वन्धमा ।

०३, अमानत वाट नदीजन्य पदार्थ विकी अनुमोदन सम्वन्धमा ।

०४, करार पदपुर्ति सम्वन्धमा ।

०५, राजश्व परामर्श समिति र वन वातावरण समितिको सिफारिस कार्यान्वयन सम्वन्धमा ।

०६, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका निर्देशन जानकारी तथा कार्यान्वयन सम्वन्धमा ।

०७, निजी जग्गा उत्खनन् व्यवस्थापन अनुमती अनुमोदन सम्वन्धमा ।

०८, थर्पु अस्पताल भवन निर्माण अर्न्तगतको नपुग रकम माग सम्वन्धमा ।

०९, खानी सञ्चालन अनुमती र आवश्यक परिपत्र तथा निर्देशन सम्वन्धमा ।

१०, अनौपचारीक क्षेत्र सा. सुरक्षा कोष विपन्न नागरिक सूचिकृत पश्चात अन्तिम नामावली स्वीकृत सम्वन्धमा ।

११, लिलाम विकी ठेक्का नलागे सगै बाकी रहेका ३ वटा थुप्राको थप कारवाही सम्वन्धमा ।

१२, थर्पु अस्पताल सञ्चालक समितिको माग निवेदन तथा कार्यन्वयन सम्वन्धमा ।

१३, खरको छाना विस्थापन गर्नेगरी लाभग्राही छनौट सम्वन्धमा ।

१४, हिमपायप खरिद सम्वन्धमा ।

१५, उत्पादनमा आधारित अनुदान कार्यकम अर्न्तगत लाभग्राही नामावली स्वीकृत सम्वन्धमा ।

१६, कृषि मेशीनरी औजार मर्मत तालिम पश्चात प्रविधि खरिद लागत साझेदारी सम्वन्धमा ।

१७, आगामी आ.व. ०८२।०८३ को वजेट सिलिङ्ग निर्धारण तथा मार्गदर्शन स्वीकृत सम्वन्धमा ।

१८, वाकी रहेको शर्शत वजेट वाट पुन औषधि खरिद सम्वन्धमा ।

१९, वृद्धिमुखी उद्यमशिलता कार्यकमको लाभग्राही (४० जना ) नामावली स्वीकृत सम्वन्धमा ।

२०, पहिलो पदाधिकारी ( ०७४–०७९) र दोश्रो पदाधिकारी (०७९–०८४ ) को कार्यप्रगती तयार तथा प्रतिवेदन पुस्तक छपाई सम्वन्धमा ।

२१, गा.पा. कम्पाउण्डमा विधुतपोल सहित विधुत जडान र कार्यकम स्थल निर्माण सम्वन्धमा ।

२२, आर्थिक ऐन २०८२ निर्माण चरणमा रहेको हुदा वडा तहमा छलफल गरी आएका सुझावहरु आगामी वैठकमा पेश गर्न लगाउने सम्वन्धमा ।

२३,जग्गा भोगाधिकार विषयमा मालपोत कार्यालयमा फायल थन्कीएकोहुदा पुन ताकेतागर्ने सम्वन्धमा ।

२४, घाट ठेक्का तथा अनुगमन प्रतिवेदन र अवको कारवाही सम्वन्धमा ।

२५, शिक्षा शाखा बाट पेश भएको विषय सम्वन्धमा ।

२६, कृश्चियन धर्मावलम्वीहरुको शवदहन स्थल छनौट सम्वन्धमा ।

२७, बिभिन्न योजना तथा कार्यकम रकम भुक्तानी सम्वन्धमा ।

२८, हलगोरु पोषण अनुदान सम्वन्धमा ।

२९, विषयगत शाखा लाई सिलिङ्ग उपलब्ध गराउने सम्वन्धमा ।

३०, भ्रमण तथा क्षमता विकाश खर्च अनुमोदन सम्वन्धमा ।

३१, नपुग तलव सम्वन्धमा ।

३२, वास प्लान अध्यावधीक सम्वन्धमा ।

Scanned with CamScanner

३३, नपुग हुने सवारी मर्मत खर्च सम्वन्धमा ।
३४, डि.पि.आर. तथा परामर्श सेवा सम्वन्धमा ।
३५,पत्रपत्रिका तथा विज्ञापन सूचना रकम भुक्तानी सम्वन्धमा ।
३६, तोकआदेश तथा टिप्पणी स्वीकृत सम्वन्धमा ।
३७, योजना फरफारक सम्वन्धमा ।
३८, अघिल्लो निर्णय कार्यान्वयन समिक्षा सम्वन्धमा ।
३९, विविध विषय सम्वन्धमा ।

Scanned with CamScanner

**मिति २०८२।०१।२५ को १७३ औ गाउँकार्यपालिका वैठकका निर्णयहरु**

**निर्णय न. १७३/२०८१।०८२– ०१,**

म्याग्दे गाउँपालिका वडा न. ७ मा सन्चालित अर्चले माझीलाङ्ग भावर खानेपानी योजनाको वर्तमान अवस्था र विभिन्न चोरी लगाएतका घटनाको विषयमा थर्पु प्रहरी चौकी वाट मिति २०८२।०१।०७ मा तयार भएको सर्जमिन मुचुल्का, उपभोक्ता समितिको मिति २०८२।०१।०६ को आमभेला तथा निर्णय मिति २०८२।०१।१२ को निवेदन र वडाको मिति २०८२।०१।१४ च.न. १२८२ को सिफारिस पत्र समेतका आधारमा हाल प्राविधिक लागत इष्टिमेट अनुसार को रकम रु २४००००।० मर्मत सम्भार शिर्शक वाट उपलव्ध गराउने सो को अलवा तपशिल वमोजिम गर्ने निर्णय गरियो ।

**तपशिल**

१, चोरीभएको विधुतिय तार पुन खरिद तथा जडान कार्य उपभोक्ता वाट गर्ने र सोको नियमित रुपमा निगरानी र जिम्मेवार पनी उपभोक्ता लाई नै गराउने ।

२,सडक निर्माण सगै पायपमा परेको छती अनुसार पुन पायप जडान गर्ने ।

३, उपभोक्ता समिति लाई वडा मार्फत कृयाशिल गराउने ।

४, आवश्यक्ता अनुसार खानेपानी टेक्नीशियन तथा प्राविधिक जनशक्ती खर्च गा.पा., उपभोक्ता समिति र वडा कार्यालय ले साझेदारी गर्ने ।

५, उपभोक्ता समितिले उक्त खानेपानी आयोजनाको नियमित प्रयोग, नियमन र मर्मत सम्भार समेत गर्ने ।

**निर्णय न. १७३/२०८१।०८२– ०२,**

म्याग्दे गाउँपालिका गाउँकार्यपालिकाको आ.व.२०८१/०८२ को स्विकृत निति तथा कार्यक्रम अनुसार म्याग्दे गाउँपालिका वडा नं. ३ मा छनौट भएका लाभग्राही रेशम वहादुर घर्ति को प्राविधिक कारणले घर निर्माण हुन नसकेको र निजको ठाउँमा वडा नं. ३ बस्ने लेख वहादुर मगरको छोरा

Scanned with CamScanner

चन्द्र बहादुर मगरको घर निर्माण गरिदिनुहुन भनि म्याग्दे गाउँपालिका वडा नं. ३ कार्यालयको च.नं. ९५५ मिति २०८२/०१/२४ को पत्र अनुसार लाभग्राही परीवर्तन गर्ने निर्णय गरीयो ।

**निर्णय न. १७३/२०८१।०८२– ०३,**

यस अग्राडी प्रकाशित सूचना अनुसार ठेक्का नलागेका सवै नदीजन्य घाटहरु निवेदकको माग बमोजिम नगर प्रहरीको प्रत्यक्ष रोहोवरमा उठाउने गरी राजश्व व्यवस्थापन उपशाखा मार्फत पेश भई अमानत वाट विक्री सगै उत्खनन् अनुमती दिईएका तपशिल बमोजिम अमानत अनुमती लाई अनुमोदन गर्ने निर्णय गरियो ।

तपशिल

अमानत विधिवाट नदीजन्य ढुङ्गा. गिट्टी. वालुवा उत्खनन् अनुमति

म्याग्दे-३. झिरलौदी घाट

| सि.नं. | मिति | सेवाग्राहिको विवरण | घ.मि. | रकम | रसिद नं | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २०८१-१२-१५ | म्याग्दे मुलवराही निर्माण सेवा | १०० | ३६४०० | ५२३ | |
| २ | २०८१-१२-१५ | विजय घिमिरे | ५० | १८२०० | ५२४ | |
| ३ | २०८१-१२-१७ | दिपेश थापा | ५० | १८२०० | ५२५ | |
| ४ | २०८१-१२-१९ | रिख बहादुर शारु | ११० | ४००४० | ५३६ | |
| ५ | २०८१-१२-२० | होम बहादुर अधिकारी | २५ | ९१०० | | |
| ६ | २०८१-१२-२२ | वि.आर कन्सट्रक्सन | ५० | १८२०० | | |
| ७ | २०८१-१२-२७ | म्याग्दे मुलवराही निर्माण सेवा | १०० | ३६४०० | ५६७ | |
| ८ | २०८२-०१-०२ | दिपेश थापा | १०० | ३६४०० | ५९६ | |
| ९ | २०८२-०१-०७ | वि.आर कन्सट्रक्सन | ५० | १८२०० | ६१७ | |
| १० | २०८२-०१-१२ | म्याग्दे मुलवराही निर्माण सेवा | ५० | १८२०० | ६६९ | |
| ११ | २०८२-०१-१४ | वि.आर कन्सट्रक्सन | ५० | १८२०० | ६७५ | |
| १२ | २०८२-०१-१५ | दिपेश थापा | १२० | ४३६८० | ६८१ | |
| १३ | २०८२-०१-२६ | म्याग्दे मुलवराही निर्माण सेवा | ५० | १८२०० | ७३३ | |
| १४ | २०८२-०२-०१ | वि.आर कन्सट्रक्सन | ३७.५ | १३६५० | ७६४ | |

Scanned with CamScanner

अमानत बिधिबाट नदीजन्य ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् अनुमति

म्याग्दे-४, घुमाउने घाट

| सि.नं. | मिति | सेवाग्राहिको विवरण | घ.मि. | रकम | रसिद नं | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २०८१-१२-०३ | एलन आले | २५ | ९१०० | | |
| २ | २०८१-१२-०३ | आशिष गुरुङ | २५ | ९१०० | | |
| ३ | २०८१-१२-०६ | बिजय घिमिरे | ५० | १८२०० | | |
| ४ | २०८१-१२-१० | एलन आले | ५० | १८२०० | ५१० | |
| ५ | २०८१-१२-१० | बिजय घिमिरे | ५० | १८२०० | ५१२ | |
| ६ | २०८१-१२-११ | सुन्दर थापा | ५० | १८२०० | ५१५ | |
| ७ | २०८१-१२-२० | राहुल राना | २५ | ९१०० | | |
| ८ | २०८१-१२-२२ | बि.आर कन्सट्रक्सन | ५० | १८२०० | | |
| ९ | २०८१-१२-२६ | राहुल राना | २५ | ९१०० | ५६८ | |
| १० | २०८१-१२-२६ | आशिष गुरुङ | २५ | ९१०० | ५६९ | |
| ११ | २०८२-०१-०२ | बि.आर कन्सट्रक्सन | ५० | १८२०० | | |
| १२ | २०८२-०१-०५ | राहुल राना | २५ | ९१०० | ६१४ | |
| १३ | २०८२-०१-०७ | बिशाल बिश्वकर्मा | २५ | ९१०० | | |
| १४ | २०८२-०१-०९ | होम बहादुर अधिकारी | २५ | ९१०० | ६३२ | |
| १५ | २०८२-०१-१० | आशिष गुरुङ | २५ | ९१०० | ६४२ | |
| १६ | २०८२-०१-१४ | बि.आर कन्सट्रक्सन | ५० | १८२०० | ६७५ | |
| १७ | २०८२-०१-२२ | राहुल राना | २५ | ९१०० | ७३१ | |
| १८ | २०८२-०१-२२ | बि.आर कन्सट्रक्सन | ५० | १८२०० | ७३० | |
| १९ | २०८२-०१-३० | राहुल राना | २५ | ९१०० | ७४६ | |
| २० | २०८२-०१-३१ | आशिष गुरुङ | २५ | ९१०० | ७५३ | |

Scanned with CamScanner

अमानत विधिबाट नदीजन्य ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् अनुमति

म्याग्दे-३, झिरलौदी घाट

| सि.नं. | मिति | सेवाग्राहिको विवरण | घ.मि. | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | २०८१-१२-१५ | म्याग्दे मुलबराही निर्माण सेवा | १०० | ३६४०० | |
| २ | २०८१-१२-१५ | विजय घिमिरे | ५० | १८२०० | |
| ३ | २०८१-१२-१७ | दिपेश थापा | ५० | १८२०० | |
| ४ | २०८१-१२-१९ | रिख बहादुर शारु | ११० | ४००४० | |
| ५ | २०८१-१२-२० | होम बहादुर अधिकारी | २५ | ९१०० | |
| ६ | २०८१-१२-२२ | वि.आर कन्सट्रक्सन | ५० | १८२०० | |
| ७ | २०८१-१२-२७ | म्याग्दे मुलबराही निर्माण सेवा | १०० | ३६४०० | |
| ८ | २०८२-०१-०२ | दिपेश थापा | १०० | ३६४०० | |
| ९ | २०८२-०१-०७ | वि.आर कन्सट्रक्सन | ५० | १८२०० | |
| १० | २०८२-०१-१२ | म्याग्दे मुलबराही निर्माण सेवा | ५० | १८२०० | |
| ११ | २०८२-०१-१४ | वि.आर कन्सट्रक्सन | ५० | १८२०० | |
| १२ | २०८२-०१-१५ | दिपेश थापा | १२० | ४३६८० | |
| जम्मा | | | ८५५ | ३११२२० | |

म्याग्दे-४, घुमाउने घाट

| सि.नं. | मिति | सेवाग्राहिको विवरण | घ.मि. | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | २०८१-१२-११ | सुन्दर थापा | ५० | १८२०० | |
| २ | २०८१-१२-२० | राहुल राना | २५ | ९१०० | |
| ३ | २०८१-१२-२२ | वि.आर कन्सट्रक्सन | ५० | १८२०० | |
| ४ | २०८१-१२-२६ | राहुल राना | २५ | ९१०० | |
| ५ | २०८१-१२-२६ | आशिष गुरुङ | २५ | ९१०० | |
| ६ | २०८२-०१-०२ | वि.आर कन्सट्रक्सन | ५० | १८२०० | |
| ७ | २०८२-०१-०५ | राहुल राना | २५ | ९१०० | |
| ८ | २०८२-०१-०७ | विशाल विश्वकर्मा | २५ | ९१०० | |

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | २०८२-०१-०९ | होम बहादुर अधिकारी | २५ | ९१०० | |
| १० | २०८२-०१-१० | आशिष गुरुङ | २५ | ९१०० | |
| ११ | २०८२-०१-१४ | बि.आर कन्सट्रक्सन | ५० | १८२०० | |
| १२ | २०८२-०१-२२ | राहुल राना | २५ | ९१०० | |
| १३ | २०८२-०१-२२ | बि.आर कन्सट्रक्सन | ५० | १८२०० | |
| जम्मा | | | ४५० | १६३८०० | |

**निर्णय न. १७३/२०८१।०८२– ०४,**

प्रधानमन्त्री रोजगार कार्यक्रम, वडा कार्यालय र थर्पु अस्पताल तर्फ रिक्त रहेका तपशिल बमोजिमका कर्मचारीको करार पदपुर्ति गर्नेगरी करार पदपुर्ति विज्ञापन सूचना प्रकाशन गर्ने  निर्णय गरियो ।

१, रोजगार उपसंयोजक १ जना (साहायक पाचौ)

२, कार्यालय सहयोगी वडा न. ४ को लागी १ जना (पुरुष )

३, कार्यालय सहयोगी थर्पु अस्पतालको लागी १ जना ( महिला वा पुरुष )

**निर्णय न. १७३/२०८१।०८२– ०५,**

मिति २०८२।०१।२४ मा बसेको स्थानीय राजश्व परामर्श समिति र बन बातावरा तथा विपद व्इवस्थापन समितिको बैठकका निर्णयहरु जानकारी भयो । राजश्व परामर्श समिति र बन बातावरण तथा विपद व्यवस्थापन समितिका सबै निणंय तथा सिफारिस बमोजिमका विषयहरु कार्यन्वियन गर्ने निर्णय गरियो ।

**निर्णय न. १७३/२०८१।०८२– ०६,**

सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०८१।१२।१८ देखी २०८२।०१।२४ सम्म जारी भएका विभिन्न परिपत्र तथा सुझाव कार्यन्वयन निर्देशन र संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको विभिन्न परिपत्र तथा सुझाव कार्यान्वयन निर्देशन अनुसारको सबै व्यहोरा अवगत भयो । दुवै निकायको पत्र अनुसार गाउँपालिका र विषयगत शाखा, समिति र वडा कार्यालय बाट सोही निर्देशन अनुसार काम कारवाही सम्पादन गर्नको लागी निर्देशन तथा जानकारी गराउने निर्णय गरियो ।

Scanned with CamScanner

**निर्णय न. १७३/२०८१।०८२– ०७,**

निजी जग्गा उत्खनन् व्यवस्थापन अर्न्तगत प्राप्त भएका निवेदन आई ई ई प्रतिवेदन समेत र अमिन बाट फिल्ड अध्यन पश्चात पेश भएको प्रतिवेदन समेतको आधारमा तपशिल बमोजिम अनुमती अनुमोदन गर्ने निर्णय गरियो ।

**तपशिल बमोजिम अनुमती अनुमोदन तर्फ**

यस गाउँपालिकाको कार्यालयमा .निजी जग्गा व्यवस्थापनका लागि पेश भएका तपसिल बमोजिमका निवेदकहरुलाई नियमानूसार राजश्व रकम लिई व्यवस्थापन अनुमति दिईएको तपसिल बमोजिमको कार्यको अनुमोदन गर्ने निर्णय गरियो ।

| जग्गाधनिको नाम र ठेगाना | जम्मा परिमाण | राजश्व रकम रु |
|---|---|---|
| बलबिर थापा ,म्याग्द-०५ | ९००० घ.मि | १५,७३,९१४/०८ |
| मर्दे सार्कि म्याग्दे-२ | २५०।६ घ.मि. | ३५,५८५/२० |
| शिव कुमार श्रेष्ठ, म्याग्दे-०३ | २९८ घ.मि. | ३६,९५२/०० |
| कमल प्रसाद गुरुङ, पोखरा -१२ | .२९१/०५ घ.मि | ३६०८४/०० |

**निर्णय न. १७३/२०८१।०८२– ०८,**

थर्पु अस्पताल भवन निर्माण अर्न्तगत अन्तिम विल रु १,०१,५१,७९१।० भुक्तानीको लागी माग भएको मा जम्मा रु ५६,९८०००।० मात्र निकाशा प्राप्त भएको हुदा अपुग रकम रु ४४,५३,७९१।० निकाशाको लागी स्वास्थ्य तथा जनसख्या मन्त्रालयमा पुन ताकेता गर्ने निर्णय गरियो ।

**निर्णय न. १७३/२०८१।०८२– ०९,**

खानी तथा भुगर्भ विभाग कपूरधारामार्ग लैनचौर काठमाण्डौ को पत्र सख्या ०८१।०८२–१३३६, च.न. २२७८ मिति २०८१।१०।२८ को ग्राभेल उत्खनन् अनुमतिको प्राविधिक सहमती सम्बन्धी पत्र प्राप्त भई तपशिल बमोजिमका २२ वटा बुदाहरु अवगत भयो ।

**तपशिल ब्यहोरा तथा २२ वटा शर्तहरु**

१. स्विकृत क्वारी क्षेत्र २.७२७ हेक्टरमा मात्र उत्खनन् कार्य गर्नुपर्नेछ । ग्राबेल दैनिक उत्पादन जम्मा ३४० घन मिटर र बालुवा दैनिक उत्पादन जम्मा १४० घन मिटर भन्दा बढी नगर्ने । सो भन्दा बढी गर्नुपरेमा गाउँपालिका तथा विभाग बाट सहमती लिनुपर्ने । माइनिङ्ग स्किम अनुसार खानी अवधी ७ वर्ष

Scanned with CamScanner

रहेको हुदा सो अवधी पश्चात उत्खनन् कार्य गर्नुपरेमा म्याग्दे गाउँपालिका तथा आवश्यक्ता अनुसार विभागको सहमती लिनुपर्नेछ ।

२, प्रस्तावीत Quarry area को छेउछाउमा रहेका घरवस्ती लाई असर नपुग्नेगरी खनिज कार्य गर्ने । साथै छेउछाउको वातावरण लाई समेत असर नपर्ने गरी उत्खनन् कार्य गर्ने ।

३,ग्राबेल र बालुवा उत्खनन् कार्य गर्दा माइनिङ्ग यिस्कममा उल्लेख गरीएको जस्तै वेञ्चिङ्ग पद्धति अपनाई प्राविधिकको रेखदेखमा गरिनु पर्ने ।

४,स्विकृत क्यारी क्षेत्र भित्रको मन्जुरीनामा प्राप्त जग्गामा मात्र उत्खनन् कार्य गर्ने । ग्राभेल र बालुवा उत्खनन् गर्दा साँध जोडिएका निजी जग्गामा असर नपर्ने गरी उत्खनन् कार्य गर्ने ।

५, क्वारी क्षेत्र वरीपरी खेतीयोग्य जमीनमा खानी क्षेत्रको वरिपरी रहेका खोल्सीहरुमा Erosion हुन नदिन ध्यान पुर्याउनुपर्ने ।

६, खानी तथा खनिज पदार्थ ऐन २०४२, तथा ऐ.ऐ. ऐनको नियमावली २०५६(शंशोधन सहित) वमोजिम साधरण निर्माणमुखी खनिजको हकमा ऐ.ऐ. ऐनको नियमावलीको नियम ३६ वमोजिम विभागीय सहमति प्राप्त भए पश्चात यस कार्यालय बाट सोही नियमावलीको अनुसुचि १३ अनुसारको ढाँचामा अनुमतीपत्र जारी गर्दा अनुसुचि ४ मा तोकीए बमोजिमको अनुमती पत्र वापतको दस्तुर , भुवाहाल वापतको दस्तुर तथा धरौटी रकम दाखीला गर्न लगाई अनुमती पत्र जारी गर्ने ।

७, विभागवाट सहमती प्राप्त उत्खनन् क्षेत्रको विभागीय ढाँचा अनुसार ( ५ फिटको ढलान पिलर एंव तारवार सहितको ) गराई सो को प्रतिवेदन प्राप्त गरी सिमाङ्कन ठिक भए नभएको एकिन गरेर मात्र उत्खनन् कार्य सञ्चालन गर्न अनुमती दिनुपर्नेछ ।

८, उत्खनित् खनिजको खानी तथा खनिज ऐन, २०४२ र सो को नियमावली २०५६, (संशोधन सहित) मा तोकीय बमोजिमको रोयल्टी रकम तोकीए बमोजिमको अवधिमा सम्वन्धित स्थानीय तह ( न.पा., गा.पा.) मा नियमित रुपमा दाखिला गर्नुपर्ने त्यसको रेकर्ड नियमित रुपमा राख्नुपर्ने । खानीमा सकभर स्थानीय जनशक्तीको प्रयोग गर्नुपर्ने ।

९, अनुमती जारी भए पश्चात प्रत्येक आ.व.मा खानी तथा खनिज पदार्थ नियमावली २०५६( शंशोधन सहित) मा तोकीए बमोजिमको नविकरण दस्तुर तथा भुवहाल दस्तुर सम्वन्धित स्थानीय तह (न.पा. गा.पा.) मा दाखिला गराई अनुमती पत्र प्रापक सग सम्वन्धित कागजात अध्यन गरि प्रत्येक आ.व.मा अनुमती पत्र नविकरण गर्नुपर्ने ।

१०, खानी सञ्चालन बाट हुने गोय खोला र म्याग्दे खोलाको समस्या समाधानका लागी उक्त खोला किनारमा ग्याबीन वाल निर्माण गर्नुपर्ने । खानी वाट उत्सर्जन हुने पानीलाई सोझै खोलामा मिसिन नदिन siltion pond को निर्माण गर्नुपर्ने ।

११, टप स्वाईल वेष्टलाई डम्पयार्डमा राख्ने, माईन्स वेष्टलाई वैकल्पीक प्रयोगमा ल्याई वेष्टको परिमाण घटाउन प्रयास गर्नुपर्ने ।

१२, क्वारी क्षेत्रमा रहेको ओभरवर्डन/ वेष्टको उचित व्यवस्थापन गरेर मात्र ग्राभेल र बालुवा उत्खनन् शुरु गर्नुपर्ने ।

१३, खानीबाट ग्राभेल र बालुवा निकाल्दा खानीद्वारमा परिमाण एकिन गरेर मात्र निकासीहुने गरि उत्पादन तथा ढुवानीको रेकर्ड राख्ने उक्त रेकर्डलाई नियमीत रुपमा म्याग्दे गाउँपालिकामा बुझाउने ।

१४, ग्राभेल र बालुवा उत्खनन् गर्दा सकेसम्म वढी रिकभरी हुनेगरी कार्य गर्ने । माईनिङ्ग लस घटाउन प्रयास गर्नुपर्ने ।

१५, वार्षिक रुपमा खानी क्षेत्रको वातावरणीय अडिट प्रतिवेदन तयार गरी म्याग्दे गाउँपालिकामा पेश गर्नुपर्ने । वातावरणीय असर लाई न्युनीकरण गर्ने उपायहरु अवलम्वन गर्ने ।

Scanned with CamScanner

निर्णय न. १७३/०८१।०८२–१०

अनौपचारिक क्षेत्र सामाजिक सुरक्षा कोष कार्यक्रम ( मजदुर सञ्चित कोष ) कार्यन्वयन सम्बन्धमा मिति २०८१।१०।।२४ गते विहिवार फेदीखोला गाउँपालिका स्याङजामा गरिएको सिकाई तथा अनुभव आदान प्रदान कार्यक्रम, मिति २०८१।१०।१४ र पुन दोश्रो पटक २०८१।११।२० मा प्रकाशित सूचना सगै वडा तहमा मिति २०८१।१०।२८ र २०८१।११।२६ सम्म दर्ता हुन आएका निवेदन सगै उक्त निवेदन छनौट तथा योगदानमा आधारित सामाजीक सुरक्षा ऐन २०७४, नियमावली २०७५ तथा सामाजीक सुरक्षा योजना सञ्चालन कार्यविधि अनुसार अनौपचारिक क्षेत्रका श्रमीक तथा स्वरोजगारमा रहेको व्यक्ति लाई सामाजीक सुरक्षा योजनामा आवद्ध गराउन सक्ने व्यवस्था भए अनुसार वडा समिति र पालिका स्तरीय समिति मार्फत छनौट तथा सिफारिस भई आएका तपशिल वमोजिम लाभग्राहीको नामावली स्वीकृत सगै सूचना प्रकाशन गर्ने र नियमानुसार कार्यान्वयन गर्ने निर्णय गरियो ।

**तपशिल**

| क्र.सं | नाम | वडा नं |
|---|---|---|
| १ | वावु राम आले मगर | ६ |
| २ | मिनु गुरुङ | ६ |
| ३ | सिता सुनार | १ |
| ४ | विष्णु थापा | ४ |
| ५ | मान वहादुर थापा | ७ |
| ६ | विष्णु वहादुर नेपाली | ७ |
| ७ | सपना गैर्हे | ६ |
| ८ | शसी माया नेपाली | ६ |
| ९ | हिमाला परियार | ६ |
| १० | केश राज शाही | ६ |
| ११ | राम नारायण कायस्थ | ४ |
| १२ | वेचु माया सार्की | ६ |
| १३ | सुनिता राना मगर | ६ |
| १४ | धन माया थापा | ६ |
| १५ | सुविन कुमार थापा | ६ |

Scanned with CamScanner

| | | |
|---|---|---|
| ७६ | कमल बहादुर थापा | ५ |
| ७७ | मंगली देवी सुनार | ३ |
| ७८ | सपना राना मगर | १ |
| ७९ | पदमी सुनार | १ |
| | जम्मा ७९ जना मात्र | |

**निर्णय न. १७३/०८१।०८२–११**

**लिलाम विकी सम्वन्धमा यस अगाडी भएका कामकारवाहीको अवस्था तपशिल बमोजिम रहेको छ।**

यस म्याग्दे गाउंपालिका गाउँकार्यपालिकाका, मिति २०८०।११।०६ को निर्णय सगै गा.पा. को सम्पती को सम्पती कायम भए सगै मिति २०८१।०१।३१ निर्णय अनुसार मिति २०८१।०२।०७ मा हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा पहीलो पटक ६ वटा थुप्राको ठेक्का सूचना सगै सम्मानीत उच्च अदालत पोखरामा ३ वटा ( थुप्रो न. १,४, र ६) थुप्राहरुको विषयमा रिट निवेदन दर्ता भई सो को अन्तिम फैसला नभईन्जेल लिलाम विकी प्रकृया स्थगन भएको र पछिल्लो समयमा अदालतको फैसला वाट गा .पा को निर्णय नै सदर भए पश्चात मिति २०८१।०९।०८ को गाउँसभाको निर्णय तथा मिति २०८१।१०। ०७ को कार्यपालिकाको निर्णय न. ०१ अनुसार पुन लिलाम विकी प्रकृया थालनी भए सगै कमश मिति २०८१।१०।१४ मा सौर्य राष्ट्रिय दैनिक पत्रिकामा पहिलो पटक ( पुन प्रकृया अनुसार) / मिति २०८१।११।१५ राजधानी दैनिकमा दोश्रो पटक / र मिति २०८१।१२।०७ मा तेश्रो पटक ( सरकारी सम्पती तथा जिन्सी मालसामान लिलाम विकी सम्वन्धी कार्यविधि २०७९ को नियम ९ र १० अनुसार ) लिलाम विकीको लागी वोलपत्र सूचना प्रकाशन गरिएकोमा तपशिल बमोजिमका नदीजन्य पदार्थको लिलाम सकारको लागी कुनै पनी वोलपत्र दर्ता हुन नआएको हुदा मिति २०८१।१२।१८ को गाउंकार्यपालिका को निर्णय र मिति २०८१।०३।२७ को गाउँसभाको निर्णय न. १६/२०८०।०८१–५९ को ०६ मा भएको व्यवस्था समेतको आधारमा तपशिलमा उल्लेखित स्थानहरुमा रहेका ढुङ्गा, गिट्टी, वालुवा, लगायत नदीजन्य पदार्थहरु जे जस्तो अवस्थामा छन सोहि अवस्थामा सरकारी सम्पती तथा जिन्सी मालसामान लिलाम विकी सम्वन्धी कार्यविधि २०७९ को दफा ११ को उपदफा १ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम १०८ को उपनियम ७ /मा न्युनतम मुल्यमा वार्ता द्वारा सोझै विकी गर्न सकिने व्यवस्था रहेको हुदा ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र र ०८०।०८१ को कर चुक्ता प्रमाणपत्र, सहित सोझै लिलाम प्रकृयामा भाग लिन अयोग्य नभएको स्वघोषणा र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही सूचना प्रकाशन भएको मिति ले ८ औ दिन भित्र वार्ता द्वारा सोझै लिलाम विकी

प्रकृयामा भाग लिने गरी कार्यालयमा निवेदन पेश गर्नेगरी सूचना प्रकाशन गर्ने भन्ने मिति २०८१।१२।१८ को का.पा. निर्णय अनुसार २०८२।०१।०५ गते लोकवाणी दैनिकमा सूचना प्रकाशन गरीएकोमा तपशिल बमोजिमका थुप्राहरुको ४ चरणको सूचना तथा प्रयासमा लिलाम सकार सम्वन्धमा कुनै पनी आवेदन तथा ठेक्का दर्ता नभएको अवस्था रहेको छ ।

तपशिल

| सि.नं | सूचना नं/.बोलपत्र न. | सामाग्रिहरुको विवरण | परिणाम )घन फिट(· | न्युनतम बोलपत्र रकम )कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर)रु(. |
|---|---|---|---|---|---|---|
| 1 | MRM-२८-२०८१/०८२ | थुप्रो नं 1 -म्याग्दे-5 घडेरी, नक्सा नं - छाड़7 /ड, कित्ता नं - 53, 54र 55 को जग्गाहरु, जि पि एस बिन्दु27°58 '18" उत्तरी अंक्षाश 84°07'35" पूर्वी देशान्तर मा रहेको ढुङ्गा, गिट्टी, बालुवा | 9,01,408/- | रु [illegible] (एकासी लाख बाह हजार छ सय बहतर रुपैया मात्र( | कबोल अङ्कको कम्तिमा 10 प्रतिशत | रु [illegible] (दुई हजार रुपैया मात्र( |
| २ | MRM-२९-२०८१/०८२ | थुप्रो नं 4 -म्याग्दे-5 घडेरी, नक्सा नं - छाड़7 /ड, कित्ता नं - 27 र 28को जग्गाहरु, जि पि एस बिन्दु27°58 '10" उत्तरी अंक्षाश 84°07'31" पूर्वी देशान्तर मा रहेको ढुङ्गा, गिट्टी, बालुवा मिक्स | 2,76,896/- | रु [illegible] (चौबीस लाख बयानब्बे हजार चौसट्टी रुपैया मात्र( | कबोल अङ्कको कम्तिमा 10 प्रतिशत | रु [illegible] (दुई हजार रुपैया मात्र( |
| ३ | MRM-३०-२०८१/०८२ | थुप्रो नं 6 -म्याग्दे-3 झिरलौंदी, मा जि पि एस बिन्दु27°57 '51" उत्तरी अंक्षाश 84°09'54" पूर्वी देशान्तर, सेती नदीबाट करिब 40मिटर दुरीमा रहेको ढुङ्गा, गिट्टी, बालुवा मिक्स | 2,06,937.50 | रु [illegible] (अठार लाख बैसट्टी हजार चार सय सैतीस रुपैया पचास पैसा मात्र( | कबोल अङ्कको कम्तिमा 10 प्रतिशत | रु [illegible] (दुई हजार रुपैया मात्र( |

**अवको निश्कर्ष तथा निर्णय :–**

माथीको समग्र प्रयास अध्यन सगै ३ पटक ठेक्का सूचना प्रकाशन सगै मिति २०८२।०१।०५ गते लोकवाणी दैनिकमा वार्ता द्वारा सोझै लिलाम बिकी गर्ने गरी ७ दिने सूचना प्रकाशन (चौथौ पटक ) गर्दा पनी लिलाम बिकी नभएको हुदा आर्थिक कार्यविधि तथा वितिय उत्तरदायीत्व नियमावली २०७७ को नियम १०८ को उपनियम ८ मा "उपनियम ७ बमोजिम बिकी हुन नसकेमा नियम १०७ को उपनियम (१) बमोजिमको समिति बाट पुन मुल्याङ्कन गराई कायम मुल्यमा वार्ता द्वारा सोझै बिकी गर्न सकिनेछ ।" भन्ने व्यवस्था रहेको छ भने सरकारी सम्पती तथा जिन्सी मालसामान लिलाम बिकी सम्वन्धी कार्यविधि २०७९ को दफा ११ को उपदफा २ मा कार्यालयले उपदफा १ बमोजिम सोझै बिकी हुन नसकेमा मुल्याङ्कन समिति बाट पुन मुल्याङ्कन गराई कायम भएको मुल्यमा नियमावलीको नियम १०८ को उपनियम ८ बमोजिम वार्ता द्वारा सोझै बिकी गर्न सकनेछ भन्ने प्रावधान समेत लाई मध्येनजर गरी आर्थिक कार्यविधि तथा वितिय उत्तरदार्यीत्व नियमावली २०७७ को नियम १०७ को उपनियम १ (ख) मा भएको व्यवस्था तथा उपनियम २,३, ४ समेत अनुसार गर्नेगरी प्रमुख प्रशासकिय अधिकृत को संयोजकत्वमा , प्रमुख जिल्ला अधिकारी ले तोकेको अधिकृत स्तरको प्राविधिक कर्मचारी, कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रतिनिधि , म्याग्दे गा.पा. का शहरी तथा पुर्वाधार विकाश शाखा

Scanned with CamScanner

प्रमुख, जिन्सी शाखा प्रमुख, राजश्व उपशाखा प्रमुख, वातावरणशाखा प्रमुख नगर प्रहरी प्रमुख, सम्बन्धीत वडा प्राविधिक, र अमिन सहित को मुल्याङ्कन समिति गठन गर्ने । साथै मुल्याङ्कन हुनुपुर्व वडा कार्यालय ३ र ५, थर्पु प्रहरी चौकी, र प्राविधिक कर्मचारी । विगत वर्ष देखी रहेका उक्त नदीजन्य सामाग्रीहरु हाल के कस्तो अवस्थामा रहेका छन् , केही मात्रामा चोरी नोक्शानी भएको, पानी तथा बाढी ले बगाएको, र माटीएको भन्ने सम्बन्धमा के कसो भएको छ ? स्थलगत अनुगमन सगै ) बाट आवश्यकता अनुसार स्थलगत अनुगमन, सर्जमिनि मुचुल्का, विवरण , प्राविधिक प्रतिवेदन तयार गर्न लगाइ उक्त प्रतिवेदन प्राप्त भए सगै मुल्याङ्कन समितिबाट नियम १०८ को उपनियम ८ बमोजिम पुन मुल्याङ्कन गराई कायम मुल्यमा वार्ता द्वारा तपशिल बमोजिमका थुप्राहरु सोझै लिलाम बिक्री गर्ने निर्णय गरियो ।

**तपशिल**

| सि.नं | सामाग्रिहरुको विवरण |
|---|---|
| 1 | थुप्रो नं 1 -म्याग्दे-5 घडेरी, नक्सा नं - छाइ7 /ड, कित्ता नं - 53, 54र 55 को जग्गाहरु, जि पि एस विन्दु27°58 '18" उत्तरी अक्षांश 84°07'35" पूर्वी देशान्तर मा रहेको ढुङ्गा, गिट्टी, बालुवा |
| २ | थुप्रो नं 4 -म्याग्दे-5 घडेरी, नक्सा नं - छाइ7 /ड, कित्ता नं - 27 र 28को जग्गाहरु, जि पि एस विन्दु27°58 '10" उत्तरी अक्षांश 84°07'31" पूर्वी देशान्तर मा रहेको ढुङ्गा, गिट्टी, बालुवा मिक्स |
| ३ | थुप्रो नं 6 -म्याग्दे-3 झिरलौदी, मा जि पि एस विन्दु27°57 '51" उत्तरी अक्षांश 84°09'54" पूर्वी देशान्तर, सेती नदीबाट करिब 40मिटर दुरीमा रहेको ढुङ्गा, गिट्टी, बालुवा मिक्स |

**निर्णय न. १७३/०८१।०८२–१२**

थर्पुअस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको वैठकको निर्णय तथा मिति २०८२।०१।२५ को च.न. ४६ र ४७ को सिफारिस समेतको आधारमा नपुगहुने अत्यावश्यक ७७ प्रकारका औषधी खरिद गर्ने साथै फार्मेसी सञ्चालन को लागी औषधि भण्डारण व्यवस्थापन गर्ने कक्ष तथा र्‍याग निर्माण गर्ने सो को लागी स्वीकृत वजेट थर्पु अस्पताल सञ्चालन व्यवस्थापन शिर्शक बाट खर्च लेख्ने । १ जना कार्यालय सहयोगी छिट्टै करार गरि उपलब्ध गराउने । फार्मेसी साहायक पाचौको हकमा आगामी सभाको निर्णय अनुसार मात्र करार गर्ने निर्णय गरियो ।

**निर्णय न. १७२/०८१।०८२–१३**

चालु आर्थिक वर्ष ०८१।०८२ को लागी स्वीकृत बजेट सि.न. १७७ खरको छाना विस्थापन तथा जस्तापाता अनुदान कार्यक्रम अर्न्तगत विनियोजित रु ५००,०००।० र सि.न. ११२ विपद जन्य जोखीम

Scanned with CamScanner